# तातोपानी गाउँपालिकाको तेह्रौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री रेवती रावलज्युले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्य

तातोपानी गाउँपालिका, जुम्ला

२०८० असार १०

गाउँसभा अध्यक्ष महोदय,

गाउँसभा सदस्यज्युहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी, तथा यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु,

१. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम तातोपानी गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले म यस गरिमामय तेह्रौं गाउँसभामा आर्थिक वर्ष २०८०।८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. यस अवसरमा नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न आन्दोलनमा सहभागि भई राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाईते, अपाङ्ग तथा वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. पछिल्लो क्रममा मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको प्रत्यक्ष प्रभाव कर्णाली प्रदेश सहित तातोपानी गाउँपालिकामा पनि परेको छ। प्राकृतिक स्रोत साधन तथा पर्यटकिय क्षेत्रको प्रचुर संभावना हुँदा हुँदै पनि मानव विकास सुचाङ्क, शिक्षा, स्वास्थ्य, रोजगार तथा आर्थिक गतिविधि जस्ता क्षेत्रबाट पछि रहेको यस गाउँपालिकाको विकास र समृद्धिमा यस बजेटले सकारात्मक परिवर्तन ल्याउने विश्वास लिएको छु।

४. सीमित स्रोत साधन, उपलब्ध स्रोतहरुको न्युन उपयोग, कठिन भौगोलिक अवस्था, आन्तरिक राजश्व परिचालन र दक्ष जनशक्तिका कारण उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुन सकेको छैन। उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्दै स्थानीयवासीको आर्थिक अवस्था सुदृढ गर्न उत्पादनमुखि कृषि प्रणालीमा जोड दिई सामाजिक तथा आर्थिक रुपमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदाय लगायत सबै नागरिकहरुको आंकाक्षालाई संवोधन गर्न शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन, खानेपानी सरसफाई लगायत अन्य पूर्वाधार विकासमा बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु।

५. पालिकाको समग्र विकास र कार्यक्रमलाई दिगो, परिणाममुखी, उत्पादनमुलक तथा जनमुखी बनाउन तीनै तहका सरकार बीच समन्वय, सहकार्य र सहजिकरणमा योजना तथा कार्यक्रमको छनौट एंव कार्यान्वयन गरिनेछ। आवश्यक्ताका आधारमा छनौट भएका योजनाहरुका लागि पर्याप्त रकम विनियोजन गरि पूर्वाधार विकासको गतिलाई तिव्रता दिईनेछ।

रेवती रावल
उपाध्यक्ष

६. आर्थिक वर्ष २०८०।८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपालको दीर्घकालिन विकास लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधारको रुपमा लिएको छु । यसैगरि गाउँसभाका सदस्यज्युहरु, पालिकावासी नागरिक, राजनीतिक दल, बौद्धिक वर्ग, पत्रकार, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवाला निकायबाट प्राप्त सुझाबलाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

७. तातोपानी गाउँपालिकालाई सबै स्थानीय तहहरुमध्येको उत्कृष्ट र उदाहरणीय स्थानीय तहको रुपमा परिचित गराउनु हाम्रो जिम्मेवारी र चुनौति हामी बिचमा छ । गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकिकृत गुरुयोजनाले निर्दिष्ट गरेको दीर्घकालिन सोच, लक्ष्य र उदेश्य प्राप्तिमा स्थानीय सरकार प्रतिवद्ध र केन्द्रित छ ।

**गाउँसभा अध्यक्ष महोदय,**

अब म तातोपानी गाउँपालिकाको आर्थिक, सामाजिक स्थिति तथा भौगोलिक अवस्था सहितको विवरण र चालु आर्थिक बर्षको भौतिक प्रगतिको समिक्षा यहाँ माझ संयुक्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाका ८ वटा स्थानीय तह मध्ये तातोपानी गाउँपालिका प्राकृतिक, धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थानीय तह हो । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कुल जनसंख्या १५ हजार ५ सय ७५ रहेको छ जसमा पुरुषको जनसंख्या ७ हजार ६ सय ९९ र महिलाको जनसंख्या ७ हजार ८ सय ७६ छ । पालिकाको जनसंख्या वृद्धिदर ०.६०% रहेको छ ।

९. पालिकाको कुल क्षेत्रफल ५२५.५१ वर्ग किलोमिटर रहेको छ भने जनघनत्व ३० जना प्रति वर्ग किलोमिटर छ । साक्षरता दर ७०.२७% छ जसमा पुरुष साक्षरता दर ७८.४०% र महिला साक्षरता दर ६२.४२% रहेको छ ।

१०. चालु आ.व. मा बैशाख मसान्त भित्रै गाउँपालिका बाट सञ्चालन भएका योजनाहरुको कार्यसम्पन गरि अन्तिम भुक्तानी दिने लक्ष्य लिएकोमा सो तोकिएको मिति भित्र ९१% योजनाको कार्य सम्पन्न र ८१.६७% योजनाको अन्तिम भुक्तानी दिन सफल हुने जिल्लाकै पहिलो पालिका बनेको छ । माघ भित्र सम्बन्धित वडा कार्यालयमा गई योजना सम्झौता गरि कार्य सम्पन्न भएका योजनाहरुको बैशाख मसान्त भित्र अन्तिम भुक्तानी गर्दै असारे विकासको अन्त्य गर्ने परिपाटीको थालनी गाउँपालिकाले शुरुवात गरेको छ ।

११. यसैगरि सेवा प्रवाहमा प्रभावकारीता ल्याउन अध्यक्षज्यु र प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन सम्झौता गरिएको थियो । त्यस्तै तातोपानी टाईम्स लागु, खादा मुक्त

रेवती रावल
उपाध्यक्ष

पालिका, गिडिदह सम्मेलन, गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयहरुमा डिजिटल हाजिर जडान, प्रत्येक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम, ४ नं वडामा औद्योगिक ग्राम स्थापना, पालिका गान र लोगो निर्माण जस्ता महत्वपूर्ण कामहरु सम्पन्न गरिएको छ।

१२. गाउँपालिकामा श्रम संस्कृतिको विकास गर्न प्रत्येक महिनाको दोस्रो शनिबार श्रमदिन घोषणा, भौगोलिक रुपमा विकट वडा नं ७ र ८ मा जनता संग अध्यक्ष कार्यक्रम अन्तर्गत निशुल्क वृहत स्वास्थ्य शिविर, मानसिक सन्तुलन गुमाएकी लाउरी रावलको पुनर्स्थापना, दृष्टिविहिन दम्पतिका लागि मानबहादुर गोरिकला आवास निर्माण, अविरल बर्षा बाट क्षेतिग्रस्त सडक, सिचाईकुलो मर्मत र निर्माण, घरबार विहिन तथा बाढी बाट पिडित नागरिकहरुलाई तत्काल खाद्यन्न र लत्ता कपडा सहितको राहत वितरण जस्ता महत्वपूर्ण कामहरु पालिकाले गरेको छ।

१३. शिक्षा क्षेत्र सुधारका लागि शिक्षक दरबन्दी मिलान र सरुवा, जनता संग उपाध्यक्ष कार्यक्रम र वडा कार्यालयको आफ्नै कार्यक्रम मार्फत ३ सय ६९ जना जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण, ६६ जना महिला स्वास्थ्य स्वय सेविकालाई मोबाईल वितरण, चालु खर्चलाई कटौति गर्न सार्वजनिक भवनबाट सेवा प्रवाह र पालिकाको आफ्नै लागतमा दुई तले प्रशासनिक भवनको निर्माण कार्यको थालनी समेत यसै आ.व. मा शुरु भएको छ भने गाउँपालिकाको कामलाई कानुन सम्मत बनाई न्यायिक शासनलाई स्थापित गर्न १४ वटा विभिन्न ऐन नियम तथा कार्विधि निर्माण गरिएको छ।

१४. यसैगरि अब म तातोपानी गाउँपालिका अवसर र चुनौतीहरुलाई यहाँ समक्ष प्रस्तुत गर्न चाहन्छु।

**अवसरहरु:**

क) कालो मार्सीधानको उद्गम स्थलको रुपमा परिचित

ख) पर्यटकिय स्थल (तातोपानी धारा, गिडिदह, लाछुज्युलो)

ग) फलफुल (स्याउ, ओखर र आरु) खेतिका लागि प्रयाप्त उर्वर भुमि,

घ) प्रशस्त जडिबुटी, पाटनक्षेत्रका २४ वटा तालहरुको भुमि

**चुनौतीहरु:**

क) भौगोलिक विकटता,

ख) छरिएर रहेको वस्ती,

ग) निर्धारित करलाई कार्यान्वयनमा समस्या,

घ) सिमित बजेट

तातोपानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिंजा, जुम्ला कर्णाली प्रदेश २०७४

रेवती रावल
उपाध्यक्ष

१५. अब म आगामी आर्थिक बर्ष २०८०।८१ को बजेटका उदेश्य तथ प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु।

क) कृषि, पर्यटन र पूर्वाधार क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गरि सुखी र समृद्ध गाउँपालिका निर्माणमा टेवा पुर्याउने,

ख) शिक्षा, स्वास्थ्य, लैङ्गिक समनता जस्ता कार्यक्रम मार्फत मानविय जीवन स्तरमा परिवर्तन ल्याउने,

ग) उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग मार्फत राजश्व परिचालनमा वृद्धि गरि पालिकाको आर्थिक विकास तर्फ सबल बनाउने,

घ) कृषि, उद्योग, वन तथा पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक विकास तथा खाद्य सुरक्षा र पोषण सुनिश्चित गर्ने

ङ) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ती सुरक्षाको प्रत्याभुति र भ्रष्ट्रचार नियन्त्रण गरि सभ्य समाजको निर्माणमा जोड दिने,

**गाउँसभा अध्यक्ष महोदय,**

१६. अब म गाउँपालिकाले प्राथमिकतामा राखेको विभिन्न क्षेत्रलाई सम्बोधन गर्ने गरि तयार गरिएको आगामी आर्थिक वर्ष २०८०।८१ को आय व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

आय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | अ.ल्या | २ करोड ६० लाख |
| २ | आन्तरिक राजश्व | २० लाख |
| | **जम्मा** | **२ करोड ८० लाख** |
| | **संघीय सरकार बाट प्राप्त अनुदान रकम** | |
| १ | संघीय समानिकरण अनुदान | ९ करोड ६४ लाख |
| २ | संघीय सशर्त चालु अनुदान | १७ करोड १३ लाख |
| ३ | संघीय सशर्त पुंजिगत अनुदान | २ करोड ९३ लाख |
| ४ | संघीय समपुरक अनुदान | ५० लाख |
| ५ | संघीय विशेष अनुदान | ८५ लाख |
| ६ | संघीय राजश्व बाँडफाँड | ९ करोड २० लाख ८२ हजार २ सय |
| | **जम्मा** | **४० करोड २५ लाख ८२ हजार २ सय** |



रेवती रावल

| प्रदेश सरकार बाट प्राप्त अनुदान रकम | | |
|---|---|---|
| १ | प्रदेश समानिकरण अनुदान | १ करोड १२ लाख ४६ हजार |
| २ | प्रदेश सशर्त चालु अनुदान | १ करोड ५० लाख ३ हजार |
| ३ | प्रदेश सशर्त पुंजिगत अनुदान | १ करोड २० लाख |
| ४ | प्रदेश समपुरक अनुदान | १ करोड ८६ लाख |
| ५ | प्रदेश विशेष अनुदान | ५० लाख |
| ६ | प्रदेश राजश्व बाँडफाँड | ३ लाख |
| | **जम्मा** | **६ करोड २१ लाख ४९ हजार** |
| **कुल जम्मा** | | **४९ करोड २७ लाख ३१ हजार २ सय** |

१७. यसरी आगामी आर्थिक वर्ष २०८०।८१ मा समग्र पालिकास्तरिय आयोजना/कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रस्तावित बजेट रु उनान्पचास करोड सत्ताईस लाख ३१ हजार दुई सय रुपैया यस गरिमामय सभामा स्विकृतिको लागि पेश गर्ने अनुमति चाहन्छु।

व्यय अनुमान

| क्र.स. | शिर्षक | रकम |
|---|---|---|
| १ | पुजिगत खर्च | ७ करोड ८४ लाख |
| २ | चालु खर्च | २८ करोड ६६ लाख ८५ हजार दुई सय |
| ३ | वडागत बजेट पुजिगत | ४ करोड |
| ४ | समपुरक कोष (Matching Fund) | २ करोड ४५ लाख |
| ५ | विपद् व्यवस्थापन कोष | ७५ लाख |
| ६ | विषयगत शाखा पुजिगत चालु | २ करोड ३४ लाख ५० हजार |
| ७ | जनता संग अध्यक्ष कार्यक्रम | ७० लाख |
| ८ | जनता संग उपाध्यक्ष कार्यक्रम | ६५ लाख |
| ९ | अन्य योजना तथा कार्यक्रम चालु पुजिगत | २ करोड ५८ लाख ६९ हजार |
| | **जम्मा** | **४९ करोड २७ लाख ३१ हजार २ सय** |

बाँडफाँड गरिएको पुँजिगत बजेट तथा कार्यक्रम देहाय अनुसार प्रसुतु गर्ने अनुमति चाहन्छु।

**गाउँसभा अध्यक्ष महोदय,**

१८. चालु आ.व. सम्म यस गाउँपालिका भित्रका करिब सबै वडा र वस्तीहरुमा सडक सञ्जाल पुगिसकेको अवस्था छ। तर ७ र ८ नं वडामा पुग्न छिमेकी पालिकाको सडक प्रयोग गरि जानुपर्ने समस्या र बाध्यतालाई मध्यनजर गर्दै



रेवती रावल
उपाध्यक्ष

***तरापी देखि सर्मी सम्म सडक निर्माण***का लागि रु ३० लाख विनियोजन गरेको छु । विनियोजित रकम अपुग हुन आए आवश्यक रकमका लागि संङघीय तथा प्रदेश सरकार संगको आवश्यक सहकार्य बाट योजना निर्माण कार्य सम्पन्न गरिनेछ ।

१९. गाउँपालिका भित्रका जेहेन्दार तथा मेधावी छात्रछात्राहरुले मान्यता प्राप्त शिक्षण संस्थाबाट एमविविएस अध्ययनका लागि प्रवेश परिक्षा उत्तिण भएको खण्डमा निज विद्यार्थीलाई पहिलो बर्षको पढाई खर्चका लागि बर्षमा १ जनालाई एमविविएस छात्रवृति शिर्षकमा रु १५ लाख रकम विनियोजन गरेको छु । यसले पालिकाको दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्नुका साथै स्वास्थ्य सेवा प्रवाहमा सकारात्मक प्रभाव पार्ने विश्वास लिएको छु ।

२०. अविरल बर्षा र बाढी पहिरोका कारण प्रत्येक बर्ष नागरिकहरु घरबारविहिन हुनुपरेको तितो यथार्थ तपाईहामिले भोग्दै आएका छौं । नागरिकहरुको सुरक्षाको पहिलो जिम्मेवारी स्थानीय सरकार भएकाले पालिका भित्रका सबै ३३ सय घरधुरीका लागि निर्जीवन विमा मार्फत सुरक्षाको प्रत्याभुति दिन रु २० लाख विनियोजन गरेको छु ।

२१. पालिका बाट संचालन हुने गौरवका, बहुबर्षिय तथा ठुला प्रकृतिका योजनाहरुको दिगो व्यवस्थापन, संरक्षण र मर्मत संभार गरि दिगोपना दिनका लागि आगामी आर्थिक बर्षबाट सो योजनाहरुको लागि योजना विमा गरिनेछ जसका लागि रु ५ लाख विनियोजन गरेकोछु ।

२२. पालिका भित्रका अति विपन्न तथा विपन्न नागरिकहरुको स्वास्थ्य सेवामा पँहुच विस्तार गर्नका लागि यस वर्ष पनि ८ वटै वडाका नागरिकहरुका लागि २/२ लाखका दरले निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्न रु १६ लाख विनियोजन गरेको छु ।

२३. यस पालिका अन्तर्गत वडा नं १ राँका स्थित रहेको पशु सेवा केन्द्र भवन प्रयोग विहिन अवस्थामा रहेकाले उक्त खाली भवनलाई प्रयोगमा ल्याई पालिका भित्रका परिवारविहिन अशक्त जेष्ठ नागरिकहरुका लागि सो भवनलाई वृद्धाश्रमको रुपमा बनाउन हाललाई व्यवस्थापनका लागि रु २० लाख विनियोजन गरेको छु ।

२४. राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस पालिकाको साक्षरता दर ७०.२७% मात्र रहेको छ । जसमध्ये महिलाको साक्षरता दर ६२.४२% मात्र रहेको देखाएको छ । महिला शिक्षित भएको खण्डमा घर परिवार र समाजनै शिक्षित हुने भएकाले पालिका भित्रका पढ्न चाहने महिला दिदीवहिनीहरुका लागि महिला विद्यालय स्थापना गर्न हाललाई रु ५ लाख विनियोजन गरेको छु । यो कार्यक्रम प्रभावकारी देखिए आगामी बर्षमा समेत आवश्यक रकम विनियोजन गरिनेछ ।

२५. देश विकास र सभ्य समाज निर्माणको मूल आधारनै शिक्षा भएकाले शिक्षालाई विशेष जोड दिईएको छ। जब सम्म बालबालिकाले राम्रो संग पढ्न सक्दैन तब सम्म सिकाई उपलब्धी हाँसिल गर्न सक्दैन भन्ने यथार्तलाई मध्यनजर गर्दै आधारभुत विद्यार्थीहरुको पठन सिप विकास गर्न अभिभावक सहितको उपस्थितिमा ***पढाई मेला*** संचालन गरिनेछ जसका लागि रु ५ लाख विनियोजन गरेको छु।

२६. पालिकाबाट हुने सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाई सेवा प्रवाहमा प्रभावकारीता ल्याउनका लागि ***घुम्ती सेवा शिविर*** सञ्चालन गरिनेछ जसका लागि रु १० लाख विनियोजन गरेको छु। त्यसैगरि, सामाजिक सुरक्षा भत्ता लिन आउदा जेष्ठ नागरिकहरुले सास्ती भोग्नुपरेकाले उक्त समस्यालाई ध्यानमा राखी जेष्ठ नागरिकहरुका लागि यातायात खर्चको व्यवस्था गरिएको छ जसको लागि हाललाई रु ३ लाख विनियोजन गरेको छु।

२७. तातोपानी गाउँपालिका भित्र श्रम संस्कृतिको विकास गरि श्रम मार्फत विकासमा थप टेवा पुर्याउन प्रत्येक महिनाको दोस्रो शनिबार श्रमदिन घोषणा गरेको छ। सोहि अनुरुप वडा भित्रका योजनाहरुमा जनप्रतिनिधि, कर्मचारी, पत्रकार, राजनितिक दलका प्रतिनिधि, स्थानीय समुदाय लगायत अन्य ईच्छुक संघ संस्था र व्यक्तिहरुको अर्थपूर्ण सहभागितामा श्रमदान हुँदै आएको छ। आगामी आर्थिक बर्षबाट श्रमदान हुने योजनामा प्रभावकारीता ल्याउन श्रम सामाग्री खरिद र व्यवस्थापनका लागि रु २५ लाख विनियोजन गरेको छु।

२८. उपभोक्ता समितिको क्षमता अभिवृद्धि मार्फत योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन उपभोक्ता समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्नका लागि रु १० लाख विनियोजन गरेको छु। साथै महिला उत्थान र महिला सशक्तिकरण कार्यक्रमका लागि रु ५ लाख र दलित वर्ग उत्थान कार्यक्रम संचालन गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु।

२९. जलवायु परिवर्तनमा बाट सिर्जित बाढी, पहिरो, उत्पादन शक्तिमा ह्रास जस्ता समस्यालाई न्युनिकरण गर्न तथा सामुदायिक वनको संरक्षण मार्फत हरियाली पालिकाको रुपमा विकास गर्नका लागि विभिन्न कार्यक्रमहरु तयार गरिनुका साथै प्राकृतिक विपत्ति बाट आईपर्ने जनधनको क्षेतिलाई तत्काल सम्बोधन गर्न वन वातावरण तथा विपद् व्यवस्थापन शिर्षकमा रु ७५ लाख रुपैया विनियोजन गरेको छु।

३०. पालिकास्तरीय खेलकुद तथा पर्यटन प्रवर्द्धनका लागि रु १० लाख ४६ हजार विनियोजन गरेको छु।

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिसाकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७४

रेवती रावल
उपाध्यक्ष

**गाउँसभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको वित्तिय समानिकरण अनुदान अन्तर्गतका बजेट तथा योजना कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । जनता संग अध्यक्ष कार्यक्रम, जनता संग उपाध्यक्ष कार्यक्रम र वडागत निम्नानुसारका योजना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

| जनता संग अध्यक्ष कार्यक्रम | | | |
|---|---|---|---|
| **क्र.स.** | **योजना/कार्यक्रम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | चुम्लासाँगु त्रिवेणी ~~सडक मर्मत~~ वडा नं ५ | १५ लाख | पूर्वाधार विकास |
| २ | सुनारगाउँ मन्दिर निर्माण वडा नं ६ हियाँखोला | २ लाख | पर्यटन |
| ३ | छेडा सिचाई घेराबार वडा नं ८ | १० लाख | पूर्वाधार विकास |
| ४ | खाजा घर कालिका आवि वडा नं ६ हियाखोला | ३ लाख | पूर्वाधार विकास |
| ५ | महादेव मष्ट मन्दिर निर्माण वडा नं ४ गिडिखोला | ३ लाख | पर्यटन |
| ६ | *कुडिल्यादेखि साडि खानेपानी वडा नं ८* | *३ लाख* | पूर्वाधार विकास |
| ७ | विविध खर्च | ३४ लाख | विविध |
| | **जम्मा** | **७० लाख** | |

| जनता संग उपाध्यक्ष कार्यक्रम | | | |
|---|---|---|---|
| १ | माटेभिट्टा देखि च्याउटे हुँदै गाचौर सम्म खानेपानी निर्माण | ८ लाख | पूर्वाधार विकास |
| २ | राजमार्ग देखि लाछु गाउँ सम्म रेलिङ निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ३ | महादेव गैरा सामुदायिक वन भवन व्यवस्थापन | ३ लाख | वन तथा वातावरण |
| ४ | मिडिया तथा पत्रपत्रिका | ३ लाख | सूचना तथा संचार |
| ५ | गरीब तथा अति विपन्न बालबालिकालाई स्टेशनरी वितरण | ७ लाख | लक्षित वर्ग |
| ६ | महिला माथि हुने सबै प्रकारका हिंसा विरुद्ध चेतनामुलक तालिम | ५ लाख | लक्षित वर्ग |
| ७ | सुत्केरी आमा तथा कुपोषित बालबालिकालाई पौष्टिक आहार वितरण | १० लाख | लक्षित वर्ग |
| ८ | शहिद प्रतिक्षालय निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ९ | आमा सुरक्षा कार्यक्रम तर्फ अक्षय कोष स्थापना | ४ लाख | लक्षित वर्ग |
| १० | विविध खर्च | १५ लाख | विविध |
| | **जम्मा** | **६५ लाख** | |

रेवती रावल
उपाध्यक्ष

**गाउँसभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको वित्तिय समानिकरण अनुदान अन्तर्गतका बजेट तथा योजना कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । जनता संग अध्यक्ष कार्यक्रम, जनता संग उपाध्यक्ष कार्यक्रम र वडागत निम्नानुसारका योजना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

| जनता संग अध्यक्ष कार्यक्रम | | | |
|---|---|---|---|
| **क्र.स.** | **योजना/कार्यक्रम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | चुम्लासाँगु त्रिवेणी ~~सडक मर्मत~~ वडा नं ५ | १५ लाख | पूर्वाधार विकास |
| २ | सुनारगाउँ मन्दिर निर्माण वडा नं ६ हियाँखोला | २ लाख | पर्यटन |
| ३ | छेडा सिचाई घेराबार वडा नं ८ | १० लाख | पूर्वाधार विकास |
| ४ | खाजा घर कालिका आवि वडा नं ६ हियाखोला | ३ लाख | पूर्वाधार विकास |
| ५ | महादेव मष्ट मन्दिर निर्माण वडा नं ४ गिडिखोला | ३ लाख | पर्यटन |
| ६ | कुडिल्यादेखि साडि खानेपानी वडा नं ८ | ३ लाख | पूर्वाधार विकास |
| ७ | विविध खर्च | ३४ लाख | विविध |
| | **जम्मा** | **७० लाख** | |
| **जनता संग उपाध्यक्ष कार्यक्रम** | | | |
| १ | माटेभिट्टा देखि च्याउटे हुँदै गाचौर सम्म खानेपानी निर्माण | ८ लाख | पूर्वाधार विकास |
| २ | राजमार्ग देखि लाछु गाउँ सम्म रेलिङ निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ३ | महादेव गैरा सामुदायिक वन भवन व्यवस्थापन | ३ लाख | वन तथा वातावरण |
| ४ | मिडिया तथा पत्रपत्रिका | ३ लाख | सूचना तथा संचार |
| ५ | गरीब तथा अति विपन्न बालबालिकालाई स्टेशनरी वितरण | ७ लाख | लक्षित वर्ग |
| ६ | महिला माथि हुनै सबै प्रकारका हिंसा विरुद्ध चेतनामुलक तालिम | ५ लाख | लक्षित वर्ग |
| ७ | सुत्केरी आमा तथा कुपोषित बालबालिकालाई पौष्टिक आहार वितरण | १० लाख | लक्षित वर्ग |
| ८ | शहिद प्रतिक्षालय निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ९ | आमा सुरक्षा कार्यक्रम तर्फ अक्षय कोष स्थापना | ४ लाख | लक्षित वर्ग |
| १० | विविध खर्च | १५ लाख | विविध |
| | **जम्मा** | **६५ लाख** | |

रेवती रावल
उपाध्यक्ष

| वडा नं १ | | | |
|---|---|---|---|
| क्र.स. | योजना/कार्यक्रम | विनियोजित रकम | कैफियत |
| १ | बाईराका बालुवा टापु देखि खलाखेत डाँडा सम्म तटबन्ध निर्माण | ११ लाख | पूर्वाधार विकास |
| २ | काठेपुल संरक्षणका लागि तटबन्ध निर्माण | ३ लाख | पूर्वाधार विकास |
| ३ | राँका खानेपानी तथा ढल निकास व्यवस्थापन | ५ लाख | पूर्वाधार विकास |
| ४ | रामीज्युलो कुलो बाँध आरसिसि | २ लाख ७० हजार | पूर्वाधार विकास |
| ५ | खाल्मीज्युलो कुलो बाँध आरसिसि | ३ लाख | पूर्वाधार विकास |
| ६ | कर्णाली राजमार्ग देखि गाउँसम्म सोलिङ तथा पिसिसि | ६ लाख ५० हजार | पूर्वाधार |
| ७ | चियानघाट प्रतिक्षालय निर्माण | ३ लाख | पूर्वाधार विकास |
| ८ | तल्लो खारमाटा कुलो मर्मत | १ लाख | पूर्वाधार |
| ९ | बाहुनथान कुलो मर्मत | १ लाख | कृषि |
| १० | विपद् व्यवस्थापन | २ लाख | विपद् व्यवस्थापन |
| ११ | लक्षीत वर्ग कार्यक्रम (जेष्ठ नागरिक, अपाङ्गता भएका, एकल महिला, दलित जनजाती) | ३ लाख ५० हजार | लक्षित वर्ग |
| १२ | युवा तथा बालबालिका लक्षित कार्यक्रम | ५० हजार | लक्षित वर्ग |
| १३ | पत्रपत्रिका तथा संचार | ३० हजार | सूचना तथा संचार |
| १४ | जेष्ठ नागरिक वडा समितिको कार्यालय व्यवस्थापन | १५ हजार | लक्षित वर्ग |
| १५ | मेलमिलाप समिति व्यवस्थापन खर्च | १५ हजार | विविध |
| १६ | बहुक्षेत्रिय पोषण कार्यक्रम | २० हजार | लक्षित वर्ग |
| १७ | गणेश आवि व्यवस्थापन | १ लाख | शिक्षा |
| १८ | प्रगतिशिल कालिका आवि व्यवस्थापन | ६० हजार | शिक्षा |
| १९ | बालविकास केन्द्र व्यवस्थापन | ४० हजार | शिक्षा |
| २० | आधारभुत स्वास्थ्य केन्द्र चेतनामुलक कार्यक्रम | ३० हजार | स्वास्थ्य |
| २१ | पशुसेवा केन्द्रका लागि औषधी खरिद | ३० हजार | विविध |
| २२ | प्रहरी चौकी लिताकोट व्यवस्थापन | १० हजार | विविध |
| २३ | कृषि सेवा केन्द्रमा कृषकहरुलाई मल विउ वितरण | १ लाख ३० हजार | कृषि |
| २४ | प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी | २ लाख ५० हजार | रोजगार |
| २५ | विभिन्न दिवस (नारी दिवस महिला दिवस) | ५० हजार | लक्षित वर्ग |
| | **जम्मा** | **५० लाख** | |

| वडा नं २ | | | |
|---|---|---|---|
| १ | बाबिरा मष्ट मन्दिरको फिल्ड निर्माण तथा ढलान | २ लाख ५० हजार | पर्यटन |
| २ | कर्णाली राजमार्ग देखि तातोपानी धारा सम्म रेलिङ र नाली निर्माण | ८ लाख | पर्यटन |
| ३ | ४ वटा आधारभुत विद्यालयको व्यवस्थिन | ६ लाख | शिक्षा |
| ४ | थापल् देखि खाँजर्मी सिचाई कुलो निर्माण गोप्थडा | ५ लाख | कृषि |

| | | | |
|---|---|---|---|
| ५ | धुनचेडी देखि हिमाली आवि सम्म सडक ग्याविन मर्मत | ३ लाख | पूर्वाधार विकास |
| ६ | कर्णाली राजमार्ग देखि चिहानघाट सम्म गोरेटो बाटो पिसिसि निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ७ | डाँगीवाडा गाउँ गोरेटो बाटो पिसिसि निर्माण | ५ लाख | पूर्वाधार विकास |
| ८ | सुन्दरगाउँ गोरेटो बाटो पिसिसि निर्माण | ५ लाख | सडक |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी | २ लाख ५० हजार | रोजगार |
| १० | पोषण कार्यक्रम | ५० हजार | लक्षित वर्ग |
| ११ | लक्षित वर्ग कार्यक्रम | ३ लाख | लक्षित वर्ग |
| १२ | आधारभुत स्वास्थ्य सेवा केन्द्रको कार्यालय व्यवस्थापन | ५० हजार | स्वास्थ्य |
| १३ | सूचना तथा संचार | ५० हजार | सूचना तथा संचार |
| १४ | विपद् व्यवस्थापन | १ लाख | विपद् व्यवस्थापन |
| १५ | वडा नं ७ को लागि अल्ट्रासाउण्ड मेशिन खरिद सहयोग | ५० हजार | स्वास्थ्य |
| १६ | सिकाई अनुभव अवलोकन भ्रमण | २ लाख | |
| | **जम्मा** | | |
| | **वडा नं ३** | | |
| १ | बुदबुदी मन्दिर निर्माण | १० लाख | पर्यटन |
| २ | लक्षित वर्ग कार्यक्रम | ५ लाख | लक्षित वर्ग |
| ३ | पोषणमैत्री क्षेत्र वडा नं ३ लाछु | २ लाख | लक्षित वर्ग |
| ४ | विपद व्यवस्थापन | २ लाख | विपद् व्यवस्थापन |
| ५ | सडक बत्ती कार्यक्रम | ७ लाख ५० हजार | पूर्वाधार विकास |
| ६ | सामुहिक वगैचा व्यवस्थापान (PMEP) लागत साझेदारी सहित | १३ लाख ५० हजार | रोजगार |
| ७ | कालिका थान निर्माण | ५ लाख | पर्यटन |
| ८ | लेक कुलो निर्माण | ५ लाख | कृषि |
| | **जम्मा** | **५० लाख** | |
| | **वडा नं ४** | | |
| १ | आधारभुत विद्यालयहरुमा प्रविधि व्यवस्थापन | १ लाख ८० हजार | शिक्षा |
| २ | बालविकास केन्द्रहरु व्यवस्थापन हाँकु र जैतपुर | ५० हजार | शिक्षा |
| ३ | हाँकु बालविकास केन्द्र भवन मर्मत हाँकु | १ लाख ५० हजार | शिक्षा |
| ४ | बेबि वार्मर सहयोग हाँकु स्वास्थ्य चौकी | ८० हजार | स्वास्थ्य |
| ५ | स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता | ५० हजार | स्वस्थ्य |
| ६ | तेलहन बाली पकेट विस्तार क्रमागत | २ लाख | कृषि |
| ७ | गिडिदह प्रवर्द्धन कार्यक्रम | २ लाख ५० हजार | पर्यटन |
| ८ | हाँकु त्रिवेणी देखि नियापनी सडक स्तरोन्नती | १६ लाख | पूर्वाधार विकास |



रेवती रावल

| | | | |
|---|---|---|---|
| ९ | गौतमवाडा तलीवाडा देखि ज्युला जाने बाटो | १२ लाख | पूर्वाधार विकास |
| १० | नियापानी महावै मन्दिर निर्माण नियापानी | १ लाख ५० हजार | पूर्वाधार विकास |
| ११ | नरम्टा सेराडिल सिचाई कुलो क्रमागत गिडिखोला | ४ लाख | पूर्वाधार विकास |
| १२ | हाँकु त्रिवेणी घाट निर्माण | १ लाख ५० हजार | पूर्वाधार विकास |
| १३ | लोपन्मुख रेडपाण्डा संरक्षण कार्यक्रम | ५० हजार | पूर्वाधार विकास |
| १४ | टोल विकास संस्था क्षमता विकास | ४० हजार | लक्षित वर्ग |
| १५ | लक्षित वर्ग सहयोग कार्यक्रम | ४ लाख | लक्षित वर्ग |
| १६ | सूचना तथा संचार | ५० हजार | |
| | **जम्मा** | **५० लाख** | |
| | **वडा नं ५** | | |
| १ | हिलट्याङ ग्यास चुलो वितरण | ९ लाख | लक्षित वर्ग |
| २ | सडक बत्ती श्रीनगर लाम्रा | ८ लाख ५० हजार | पूर्वाधार विकास |
| ३ | कालिका थान शवदाह स्थल निर्माण (PMEP) लागत साझेदारी | ६ लाख | रोजगार |
| ४ | अध्ययन अवलोकण भ्रमण | २ लाख | विविध |
| ५ | देवार रुख देखि भृकुटी नेपालीको घर सम्म बाटो पिसिसि | ३ लाख | पूर्वाधार विकास |
| ६ | सोलिङ बाटो पिसिसि वाहुनवाडा | ४ लाख | पूर्वाधार विकास |
| ७ | ढाके ओखल देखि प्रेम डाँगीको घर सम्म बाटो पिसिसि | ४ लाख | पूर्वाधार विकास |
| ८ | खेलकुद सामाग्री व्यवस्थापन | १ लाख | खेलकुद |
| ९ | कालिका आवि व्यवस्थापन | २ लाख | शिक्षा |
| १० | दुर्गा मावि फोहोर तथा खेलकुद सामाग्री व्यवस्थापन | १ लाख | शिक्षा |
| ११ | करेखोला खानेपानी मर्मत | १ लाख | पूर्वाधार विकास |
| १२ | धौलिभिड सामुदायिक वन व्यवस्थापन | ५० हजार | वन तथा वातावरण |
| १३ | सूचना तथा संचार | १ लाख | सूचना तथा संचार |
| १४ | लक्षित वर्ग कार्यक्रम | ३ लाख | लक्षित वर्ग |
| १५ | विपद राहत कोष | २ लाख | विपद् व्यवस्थापन |
| १६ | लाम्रा शवदाह गृह निर्माण | २ लाख | पूर्वाधार विकास |
| | **जम्मा** | **५० लाख** | |
| | **वडा नं ६** | | |
| १ | वडा कार्यालय भवन निर्माण | ३० लाख | भौतिक निर्माण |
| २ | कालिका आवि व्यवस्थापन | ४ लाख | शिक्षा |
| ३ | वसन्त आवि व्यवस्थापन | ४ लाख | शिक्षा |
| ४ | लक्षित वर्ग सम्मान कार्यक्रम | ३ लाख | लक्षित वर्ग |
| ५ | भगवति आवि व्यवस्थापन | ३ लाख | शिक्षा |
| ६ | जेठिवाडा भगवति मन्दिर निर्माण | २ लाख | पर्यटन |



रेवती रावल
उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | युवा सिपमुलक कार्यक्रम | ४ लाख | युवा तथा खेलकुद |
| | **जम्मा** | **५० लाख** | |
| | **वडा नं ७** | | |
| १ | सिमलधारा देखि चिउडेली सम्म ढल निकासा सर्मी | ४ लाख | सडक |
| २ | कैलाखुर देखि सुर्की सम्म सडक मर्मत | ८ लाख | सडक |
| ३ | जनजागृति मावि फिल्ड मर्मत बारागाउँ | ८ लाख | शिक्षा |
| ४ | कयरकोट देखि ताम्ती सडक स्तरोन्नती (लागत साझेदारी PMEP) | ५ लाख | सडक |
| ५ | कोपिला आवि भवन तथा शौचालय निर्माण गाडापारी | ५ लाख | शिक्षा |
| ६ | लाप्का देखि ठुलाचौर सम्म गोरेटो बाटो निर्माण ताम्ती | २ लाख | सडक |
| ७ | कृषि तथा पशुपंक्षी व्यवस्थापन | २ लाख | कृषि तथा पशुपंक्षी |
| ८ | निशुल्क स्वास्थ्य विमा कार्यक्रम | २ लाख | लक्षित वर्ग |
| ९ | बालविकास केन्द्र व्यवस्थापन सबै टोल | ५ लाख | शिक्षा |
| १० | चर्च निर्माण कयरकोट | २ लाख | पर्यटन |
| ११ | अल्ट्रासाउण्ड मेशिन खरिद | १ लाख | स्वास्थ्य |
| १२ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २ लाख | लक्षित वर्ग |
| १३ | दुर्गा मावि व्यवस्थापन | २ लाख | शिक्षा |
| १४ | राउ डाँडा खानेपानी निर्माण सुर्की | २ लाख | |
| | **जम्मा** | **५० लाख** | |
| | **वडा नं ८** | | |
| १ | नदैदेवि आवि व्यवस्थापन | ४ लाख | |
| २ | कालिका मावि व्यवस्थापन | ६ लाख | |
| ३ | घोगानी खानेपानी निर्माण | २ लाख | |
| ४ | कैलाश मन्दि निर्माण | ४ लाख | |
| ५ | कृषि कार्यक्रम लागत साझेदारी | २ लाख | |
| ६ | अल्ट्रासाउण्ड मेशिन खरिद | १ लाख | |
| ७ | जनता आवि भवन मर्मत | १३ लाख | |
| ८ | लक्षित वर्ग | ५ लाख | |
| ९ | धर्का मन्दिर निर्माण | ७ लाख | |
| १० | खेलकुद | ३ लाख | |
| ११ | असाहय जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण | ३ लाख | |
| | **जम्मा** | **५० लाख** | |

रेवती रावल
उपाध्यक्ष

अब म विषयगत शाखा अन्तर्गतका चालु र पुंजिगत योजना कार्यक्रमका लागि निम्नानुसारको बजेट विनियोजन गरेको छु।

| क्र.स. | योजना/कार्यक्रम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| | **न्याय शाखा** | | |
| १ | वडा स्तरिय मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धि तालिम | ३ लाख | क्षमता विकास |
| २ | न्यायिक समितिका पदाधिकारीको वैठक भत्ता | ६० हजार | विविध |
| ३ | न्यायिक समिति व्यवस्थापन | ४० हजार | क्षमता विकास |
| | **जम्मा** | **४ लाख** | |
| | **पञ्जिकरण शाखा** | | |
| १ | सेवा केन्द्रका कर्मचारीहरुको ६ महिना वापतको तलब पारिश्रमिक र चाडपर्व तथा पोषाक भत्ता | ७ लाख | विविध |
| २ | दैनिक भ्रमण भत्ता यातायात र ईन्धन | १ लाख | विविध |
| ३ | संचार सामाग्री प्रसारण तथा छपाई (संचार र पहुँच अभियान संचालन) | १ लाख | |
| | **जम्मा** | **९ लाख** | |
| | **बहुक्षेत्रिय पोषण कार्यक्रम** | | |
| १ | पोषण स्वंय सेवकको निर्वाह भत्ता | १ लाख २० हजार | विविध |
| २ | पोषणमैत्री स्थानीय शासन सम्बन्धी टोल विकास कार्यक्रम | २ लाख | क्षमता विकास |
| ३ | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी तथ्यांक संकलन | ५० हजार | क्षमता विकास |
| ४ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक | १ लाख २० हजार | क्षमता विकास |
| ५ | बालपोषण भत्तालाई पोषण सम्बन्धी उपयोगिता सम्बन्धी आमा तथा शिशुलाई स्याहारकर्तालाई अभिमूखीकरण | ६० हजार | क्षमता विकास |
| ६ | बहुक्षेत्रिय पोषण योजनाको अनुगमन | ५० हजार | विविध |
| | **जम्मा** | **६ लाख** | |
| | **पशुपंक्षी विकास शाखा** | | |
| १ | पशुपक्षींको औषधी तथा उपकरण खरिद तथा ढुवानी | ६ लाख | विविध |
| २ | पशु स्वस्थ्य शिविर संचालन | ९० हजार | क्षमता विकास |
| ३ | गाउँपालिका भरिका भेडा बाख्रालाई पिपिआर खोप संचालन अभियान | १ लाख | विविध |
| ४ | पशुपंक्षीको तथ्यांक संकलन तथा अध्यावधिक | ६० हजार | क्षमता विकास |

| | | | |
|---|---|---|---|
| ५ | पशुपंक्षी शाखा व्यवस्थापन | १ लाख १७ हजार | विविध |
| ६ | पशु प्रजनन तथा कृतिम गर्भाधान तालिम प्रा.स/ नाप्रस | ५० हजार | क्षमता विकास |
| ७ | कार्यक्रम अनुगमन तथा मुल्यांकन | १ लाख ८३ हजार | विविध |
| | **जम्मा** | **१२ लाख** | |
| | **गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा** | | |
| १ | उद्यम विकास सहजकर्ता पारिश्रमिक | ४ लाख २० हजार | |
| २ | सहजकर्ता पोषाक भत्ता | ३०००० | |
| | **जम्मा** | **४ लाख ५० हजार** | |
| | **महिला तथा बालबालिका शाखा** | | |
| १ | अपाङ्गता समन्वय समितिको वैठक | ६० हजार | क्षमता विकास |
| २ | वडा तथा पालिका स्तरिय बालअधिकार समितिको वैठक | ४० हजार | क्षमता विकास |
| ३ | सामाजिक/ बालमजोविज्ञान नियुक्ति तथा पारिश्रमिक | २० हजार | विविध |
| ४ | महिला दिवस | ६० हजार | लक्षित वर्ग |
| ५ | बालबिवाह, बहुविवाह, छाउपडि सम्बन्धी जनचेतनामुलक कार्यक्रम | १ लाख २० हजार | क्षमता विकास |
| ६ | किशोर किशोरीहरुलाई प्रजनन तथा यौन शिक्षा सम्बन्धी कार्यक्रम | १ लाख | क्षमता विकास |
| ७ | बालक्लबका पदाधिकारीहरुलाई उद्घोषण तथा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम | २ लाख | क्षमता विकास |
| ८ | जेष्ठ नागरिक सम्बन्धी विविध कार्यक्रम | ५० हजार | लक्षित वर्ग |
| ९ | सासु बुहारी तथा श्रीमान बिच अन्तरक्रिया कार्यक्रम | ५० हजार | लक्षित वर्ग |
| | **जम्मा** | **७ लाख** | |
| | **स्वास्थ्य शाखा** | | |
| १ | स्वास्थ्य संस्था व्यवस्थापन ४ वटा | ५ लाख २५ हजार | |
| २ | बर्थिङ सेन्टर व्यवस्थापन ४ वटा | १ लाख | |
| ३ | रात्रीकालिन खाजा | १ लाख | |
| ४ | उत्कृष्ट स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वय सेविकालाई पुरस्कार | ३० हजार | |
| ५ | आधारभुत स्वास्थ्य सेवा निशुल्क औषधी उपकरण खरिद | २० लाख | |
| ६ | ANC/PNC परिवार नियोजन सेवा सम्बन्धी कार्यक्रम | ३० हजार | |
| ७ | स्वास्थ्य संस्थाका कर्मचारीका लागि आधारभुत लजिस्टिक तालिम | १ लाख | |
| ८ | नियमित वैठक तथा अनुगमन, गुणस्तर सुधार | २ लाख ५० हजार | |
| ९ | पाठेघर सम्बन्धी शिविर | १ लाख ४० हजार | |



रेवती रावल

| | | | |
|---|---|---|---|
| १० | परिवार नियोजन प्रयोगकर्ता दर औजार उपकरण व्यवस्थापन | ७८ हजार | |
| ११ | स्वास्थ्य सेवा पँहुच बाट टाढा रेहका समुदायका लागि वृहत स्वास्थ्य शिविर | ५ लाख | |
| १२ | मासिक, चौमासिक, बार्षिक समिक्षा गोष्ठी सञ्चालन | १ लाख ५० हजार | |
| १३ | खोप छुटेका बालबालिकाहरुको लागि खोज प्रताल | १२ हजार | |
| १४ | स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई तथ्यांक विश्लेषण विवेचनात्मक अभिमुखिकरण | ७५ हजार | |
| १५ | स्वास्थ्य सूचना व्यवस्थापनको लागि ईन्टरनेट जडान | १ लाख ८० हजार | |
| १६ | स्वास्थ्य संस्थामा चौमासिक तथ्यांक गुणस्तर परिक्षण तथा डाटा भेरिफिकेसन | १ लाख ५० हजार | |
| १७ | लागु औषध दुर्व्यसन सम्बन्धी जनचेतनामुलक कार्यक्रम | १ लाख ५० हजार | |
| १८ | पालिकाको वार्षिक प्रतिवेदन तयार गर्ने | २० हजार | |
| १९ | असाहय, अपाङ्ग अति विपन्नका लागि विशेष अनुदान | २० हजार | |
| २० | खोप संचालन वापतको यातायात खर्च | ५० हजार | |
| २१ | पोषिलो पिठो व्यवस्थापन | ५ लाख | |
| २२ | महिला स्वास्थ्य सेविकालाई खाजा तथा यातायात | ५ लाख | |
| २३ | स्वास्थ्य संस्थाको सामाजिक लेखा परिक्षण तथा विभिन्न कार्यक्रम | १ लाख २० हजार | |
| २४ | क्षयरोग कुष्ठरोग सम्बन्धी अनुगमन तथा सुपरभिजन | ५० हजार | |
| २५ | स्वास्थ्य शाखा व्यवस्थापन | ३ लाख | |
| २७ | स्वास्थ्य संस्था डाटा क्रस भेरिफिकेसन | १ लाख | |
| २८ | गर्वभति प्रतिक्षा कक्षमा खाना व्यवस्थापन | १ लाख | |
| २९ | आरोग्य सेवा केन्द्र औषधी तथा उपकरण तथा व्यवस्थापन | १० लाख | |
| ३० | महिला स्वास्थ्य स्वय सेविकालाई झोला वितरण | १ लाख ७० हजार | |
| ३१ | ग्रामिण अल्ट्रासाउण्ड खरिद | ५ लाख | |
| ३२ | ग्रामिण अल्ट्रासाउण्ड सम्बन्धी तालिम | १ लाख | |
| ३३ | स्वास्थ्य संस्थाहरुमा नियमित डाटा भेरिफिकेसन | १ लाख | |
| ३४ | ल्याब सम्बन्धी सामाग्री व्यवस्थापन | २ लाख | |
| ३५ | स्वास्थ्य संस्था नियमित संक्रमण रोकथाम | १ लाख | |
| | **जम्मा** | **८५ लाख** | |
| | **कृषि शाखा** | | |
| १ | रैथाने बाली उत्पादन तथा क्षेत्र विस्तारका लागि विउ वितरण | १ लाख ५० हजार | |
| २ | युवा लक्षित कार्यक्रम व्यवसायिक तरकारी तथा च्याउ खेति | २ लाख | |
| ३ | विपन्न र पिछडिएका समुदायसंग कृषि उत्पादन कार्यक्रम | १ लाख | |



रेवती रावल

| | | | |
|---|---|---|---|
| ४ | तथ्यांक संकलन तथा अध्यावधिक कार्यक्रम | ६० हजार | |
| ५ | स्याउ बगैचा व्यवस्थापन घुम्ती तालिम/चुना निलोतुथो खरिद | २ लाख | |
| ६ | स्थलगत माटो जाँच शिविर संचालन पालिका/ एकिकृत कृषि प्रयोगशाला सुर्खेतसंग समन्वय कार्यक्रम | १ लाख ५० हजार | |
| ७ | आरी सिकेचर अरिद तथा वितरण | १ लाख | |
| ८ | एक घर १५ फलफूल विरुवा कार्यक्रम | २ लाख | |
| ९ | जैविक विषादी तथा जैविक मल खरिद वितरण कार्यक्रम | १ लाख ५० हजार | |
| १० | पालिका स्तरिय अगुवा कृषक पुरष्कृत कार्यक्रम | ३० हजार | |
| ११ | सुनौला हजार दिनका आमाहरुलाई करेसाबारी व्यवस्थापन सम्बन्ध तालिम संचालन | ४० हजार | |
| १२ | कृषि शाखा व्यवस्थापन | १ लाख २० हजार | |
| | **जम्मा** | **१५ लाख** | |
| | **शिक्षा शाखा** | | |
| १ | बालशिक्षा स.का. विद्यालय कर्मचारी र विद्यालय सहयोगीलाई पारिश्रमिक | ६२ लाख १५ हजार | |
| २ | कक्षा ८ को गाउँपालिका स्तरिय बार्षिक परिक्षा संचालन | १ लाख | |
| ३ | विव्यस समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरुको घुम्ती वैठक | २ लाख | |
| ४ | गाउँ शिक्षा समिति वैठक तथा व्यवस्थापन | ३ लाख | |
| ५ | कार्यालय संचालन तथा भ्रमण अनुगमन मुल्यांकंन | ३ लाख २१ हजार | |
| ६ | अध्यक्ष रनिङ्गशिल्ड प्रतियोगिता | १ लाख | |
| ७ | शैक्षिक क्यालेन्डर निर्माण तथा व्यवस्थापन | २ लाख | |
| ८ | आधारभुत तथा माध्यमिक शिक्षकहरुलाई पेशागत तालिम | ३ लाख | |
| ९ | CLC सहजकर्ताहरुको पारिश्रमिक | ३ लाख ६४ हजार | |
| १० | शिक्षा दिवस व्यवस्थापन तथा संचालन र शिक्षक प्रोत्साहन कार्यक्रम | १ लाख | |
| ११ | पाठ अध्ययन संचालन अनुगमन र व्यवस्थापन | ३ लाख | |
| | **जम्मा** | **८५ लाख** | |
| | **अन्य** | | |
| १ | सहकारी | २ लाख | |
| २ | सूचना प्रविधि | ३ लाख | |
| ३ | रोजगार | २ लाख | |
| ४ | वडा कार्यालय विविध खर्च ८ वटा वडा | ४० लाख | |

| | | | |
|---|---|---|---|
| ५ | वडा कार्यालय कार्यालय संचालन तथा मसलन्द खर्च | ४० लाख | |
| ६ | तुनमुने देखि नुन दिने सम्म बाटो निर्माण भुक्तानी | २ लाख ५० हजार | |
| | **जम्मा** | **८९ लाख ५० हजार** | |

| **राजश्व बाँडफाँड** | | | |
|---|---|---|---|
| **क्र.स.** | **कार्यक्रम/आयोजना/क्रियाकलाप** | **रकम** | **कैफियत** |
| १ | कर्मचारी पारिश्रमिक | २७०००००० | |
| २ | पारिश्रमिक पदाधिकारी | ८०००००० | |
| ३ | पोशाक | ११००००० | |
| ४ | स्थानीय भत्ता | ३५००००० | |
| ५ | मंहगी भत्ता | १८००००० | |
| ६ | कल्याणकोष | १५००००० | |
| ७ | अन्य सामाजिक सुरक्षा खर्च | ३००००० | प्रदेश सरकार |
| ८ | पानी तथा बिजुली | २५०००० | |
| ९ | संचार महशुल | ५००००० | |
| ११ | ईन्धन कार्यालय प्रायोजन | ३०००००० | |
| १२ | कर्मचारी विमा | २००००० | |
| १३ | सवारी विमा तथा नविकरण | ५००००० | |
| १४ | मेशिनरी तथा औजार मर्मत संभार संचालन खर्च | १५००००० | |
| १५ | अन्य सम्पतीहरुको संचालन तथा संम्भार खर्च | ३००००० | |
| १६ | प्राविधिक सामान व्यवस्थापन | ५००००० | |
| १७ | मसलनद तथा कार्यालय सामान सामाग्री पालिका स्तर | ३५००००० | |
| १८ | विषयगत शाखा मसलन्द | १०००००० | |
| १९ | पुस्तक तथा सामाग्री खर्च | ५००००० | |
| २० | ईन्धन अन्य प्रयोजन | ५००००० | |
| २१ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च ईन्टरनेट सहित | २०००००० | |
| २२ | सेवा तथा परामर्श खर्च | १७५००००० | |
| २३ | सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | १०००००० | |
| २४ | यातायात खर्च | ५०००० | |
| २५ | कर्मचारी तथा जनप्रतिनिधि क्षमता अभिवृद्धि तालिम खर्च | १२८२८०० | |
| २६ | उपचार राहत कोष | १०००००० | |
| २७ | विविध कार्यक्रम खर्च | ५००००० | |
| २८ | अनुगमन तथा मुल्यांकन खर्च | १०००००० | |

रेवती रावल

| | | | |
|---|---|---|---|
| २९ | भ्रमण खर्च | १५०००० | |
| ३० | अन्य सरुवा भ्रमण खर्च | ५००००० | |
| ३१ | विविध खर्च | ३५०००००० | |
| ३२ | गाउँ सभा संचालन तथा व्यवस्थापन खर्च | ८००००० | |
| ३३ | घरभाडा | ८००००० | |
| ३४ | फर्निचर तथा फिक्चर्स | १०००००० | |
| ३५ | मेशिनरी तथा औजार खर्च | ५००००० | |
| ३६ | एक गाउँ एक प्राविधिक तलब | १२००००० | |
| ३७ | अध्यक्ष सचिवालय व्यवस्थापन खर्च | ५००००० | |
| ३८ | ल्यापटप खरिद | ५००००० | |
| | **जम्मा** | **९२३८२८००** | |

**गाउँसभा अध्यक्ष महोदय,**

३१. बजेट तर्जुमा तथा बजेट छलफलको क्रममा आ आफ्नो तर्फबाट महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने गाउँपालिका अध्यक्षज्यू लगायत सम्पुर्ण पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि वर्ग, नागरिक समाज, पत्रकार, सामुदायिक तथा गैर सरकारी संघ संस्था लगायत पालिकावासी आमाबुवा दाजुभाई दिदीबहिनीहरुमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

३२. अन्यमा, सुखि र समृद्ध तातोपानी गाउँपालिका निर्माण गर्नका लागि अहिलेको सरकार पुर्ण प्रतिवद्ध रहँदै यस अभियानमा जोडिन सम्पुर्ण सरोकारवाला निकाय, नागरिक समाज, पत्रकार, सरकारी तथा गैर सरकारी संघ संस्था, राष्ट्रसेवक कर्मचारी, आम पालिकावासी नागरिकहरुमा हार्दिक अपिल गर्दछु । प्रभावकारी रुपमा बजेट कार्यान्वयन गर्न सकिएको अवस्थामा मात्र गाउँपालिकाले लिएको लक्ष्य र उदेश्य पुर्ति हुने भएकाले सोको कार्यान्वयनमा यहाँहरुको पुर्ण साथ र समर्थनको आश गरेको छु ।

३३. हामी ईतिहास निर्माणको चरणमा छौं र यात्रा कठिन छ तर प्रयाप्त सम्भावनाका क्षेत्रहरु हामी माझ रहेकाले भविश्य उज्जवल छ । अहिले देखिएका केहि चुनौती, बाधा र अड्चनलाई सामना गर्न आ-आफ्नो ठाउँबाट कटिबद्ध र प्रतिबद्ध बनौं र गाउँपालिकाले मुल नाराको रुपमा लिएको ***प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखि र समृद्ध तातोपानी*** निर्माणमा जुटौं ।

**धन्यवाद**

रेवति रावल

उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समिति सयोंजक

रेवती रावल